

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ८९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत ३० गते शुक्रबार ❑ 12 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## फेवा नव वर्ष महोत्सव सुरु

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत

होटल संघ पोखरा नेपालको आयोजनामा तीन दिने १९ औं फेवा नव वर्ष महोत्सव विहीबार सुरु भएको छ । पंचे बाजा र विभिन्न जातजातिका झाँकीसहित फेवा तालको किनारमा महोत्सवको उद्घाटन गरिएको हो ।

पर्यटन, संस्कृति र खानालाई विशेष जोड दिएर आयोजना गरिएको महोत्सवको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले लेकसाइड स्थित अम्मटमा आयोजित विशेष समारोहकाविच उद्घाटन गरे । महोत्सवको आरम्भ गर्दै आचार्यले फेवा तालको सिमसार पुरेर फाइदा लिन खोज्नेविरुद्ध महानगर कठोर बन्ने बताए । फेवा तालका विषयमा अदालतले गरेको ६५ मिटर सम्बन्धि फैसला कार्यान्वयन गर्ने सन्दर्भमा प्राविधिक पक्ष बुझ्ने काम भइरहेको जानकारी दिँदै उनले कसैलाई अन्याय नहुने गरी महानगर अगाडि बढ्ने बताए । पोखरा पर्यटनको



राजधानी घोषणा भएको सन्दर्भ स्मरण गराउँदै प्रमुख आचार्यले यहाँका व्यवसायी र नागरिकको व्यवहार पनि पर्यटक मैत्री हुनुपर्ने बताए ।

रातभरि सञ्चालन हुने रात्रिकालिन व्यवसायको लागि छुट्टै अनुमति लिनुपर्ने र आवश्यक मापदण्ड पूरा गरेका व्यवसायको हकमा स्टिकर वितरण गर्ने गरी महानगरले तयारी अगाडि बढाएको जानकारी उनले गराए । सो अवसरमा बोल्दै आयोजक संघका अध्यक्ष एवं महोत्सवका संयोजक लक्ष्मण सुवेदीले रत्यौली, पंचैबाजा, भजनचुड्का र नेपाली खाना महोत्सव जस्ता आकर्षणलाई फेवा महोत्सवले समेटेको जानकारी गराए । निःशुल्क प्रवेशको व्यवस्था भएको र स्थानीय ड्यामसाइडचोकदेखि खहरे चोकसम्म आयोजित महोत्सवका पाहुनलाई होटलको विलमा २० प्रतिशतसम्म छुटको घोषणा गरिएको पनि संयोजक सुवेदीले जानकारी दिए । वाराही आरतिको प्रस्तुती र एसके डान्सका तर्फबाट नृत्य प्रस्तुत गरी सुरु गरिएको महोत्सवमा दर्जनौं झाँकी र जातीय तथा सामाजिक पोशाकमा सजिएका समूहहरुको सहभागिता रहेको थियो । महोत्सव उद्घाटन अघि निकालिएका झाँकी र ऱ्याली खहरेचोक र ड्यामसाइडचोकबाट अम्मट पुगेका थिए । महोत्सवमा पर्यटक दौड, विभिन्न खानाहरुको बिक्री तथा प्रस्तुती, नाचगानका कार्यक्रम, कन्सर्ट र नेपाली कला र संस्कृतिको प्रस्तुती समेटिएको आयोजक संघका महासचिव एवं प्रचार संयोजक राजेन्द्र ढकालले जानकारी दिए ।

कार्यक्रमका अवसरमा होटल संघ नेपालका केन्द्रिय अध्यक्ष विनायक शाह, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय गण्डकीका सचिव कुमानसिंह गुरुङ, आयोजक संघका संस्थापक अध्यक्ष रमेशबहादुर भट्टराई, पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरे, आयोजक संघका उपाध्यक्ष एवं महोत्सवका सहसंयोजक दीपक श्रेष्ठ, महिला सञ्जाल पोखरा ६ कि अध्यक्ष बबिता मल्लले भनाई राखेका थिए । गोर्खा ब्रुअरीको मुख्य प्रायोजन रहेको महोत्सव नेपाल पर्यटन बोर्ड र पोखरा महानगरपालिकाले प्रबर्द्धन र सहयोग गरेका हुन् । गण्डकी प्रदेश सरकार र होटल संघ नेपालले पनि महोत्सवलाई सघाएका छन् ।

## संविधानको कार्यान्वयन अहिलेको आवश्यकता हो : उपाध्यक्ष पौडेल

पोखरापत्र संवाददाता
बागलुङ, २९ चैत

नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले संविधानको प्रभावकारी कार्यान्वयन अहिलेको आवश्यकता भएको बताउनुभएको छ । संविधानले नागरिकलाई सबै हिसाबले सुविधा सम्पन्न बनाएको भए पनि कार्यान्वयन नहुँदासम्म नागरिकले महसुस नगर्ने उहाँले उल्लेख गर्नुभयो ।

नेकपा (एमाले) बागलुङको १०औं जिल्ला अधिवेशनको आज यहाँ उद्घाटन गर्दै उपाध्यक्ष पौडेलले नेतृत्वदायी भूमिका निर्वाह गरेर जनआन्दोलनमार्फत व्यवस्था परिवर्तन र नयाँ संविधान ल्याएको एमालेले नै संविधानको कार्यान्वयन तथा नागरिकमा आशा जगाउनुपर्ने बताउनुभयो । गृहमन्त्री रवि लामिछानेको विषयमा अनुसन्धान गर्न संसदीय छानबिन समिति बन्छ भन्नु भ्रम मात्रै भएको उहाँको भनाइ थियो ।




वर्तमान सरकार ढाल्नकै लागि प्रतिपक्षले संसद्को समय बर्बाद गरेर अनुचित माग गरिरहेको उपाध्यक्ष पौडेलको आरोप थियो । गृहमन्त्रीलाई राजीनामा गराउने र वर्तमान समिकरणमा प्वाल पारेर आफु सत्तामा आउनकै लागि नेपाली कांग्रेसले संसदीय समितिको माग गरेको उहाँको भनाइ थियो । राज्यका निकायहरुले सहकारी ठगीका विषयमा अनुसन्धान गरिरहेकाले अहिले नै संसदीय छानबिन समितिको आवश्यकता नरहेको उहाँले बताउनुभयो ।

"छानबिन नगर्ने भन्ने होइन्, सत्ताबाट प्रतिपक्षमा पुगेको कांग्रेसको नियत ठिक छैन्, उसले सत्ता समिकरण बिगार्नका लागि मात्रै यो माग गरिरहेको छ" उपाध्यक्ष पौडेलले भन्नुभयो- "संसद्को समय दुरुपयोगको काममा मात्रै कांग्रेस तल्लीन भयो ।" वर्तमान सरकार र सत्ता समिकरण लामो समय टिक्ने भन्दै उहाँले अहिलेको समिकरण बिगार्न लागेकाप्रति एमाले सचेत रहेको बताउनुभयो ।

## एमालेमा हार्ने छुट छैनः मुख्यमन्त्री अधिकारी

पोखरापत्र संवाददाता
बागलुङ, २९ चैत

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीले एमालेमा हार्ने छुट नभएको बताउनुभएको छ । नेपाल कम्युनिष्ट पार्टी (एमाले) बागलुङको १० औं जिल्ला अधिवेशनलाई आज सम्बोधन गर्दै एमालेका स्थायी कमिटी सदस्यसमेत रहनुभएका मुख्यमन्त्री अधिकारीले मुलुक विकासका लागि एमालेलाई हार्ने छुट नभएको बताउनुभयो ।

उहाँले वर्तमान गण्डकी प्रदेश सरकारले नै बाँकी कार्यकाल काम गर्ने भन्दै मध्यावधि निर्वाचनमा जाने अवस्था नरहेको बताउनुभयो । "राजनीतिमा घच्चपच्च हुन्छ, केही राम्रा कामको सुरुआत गर्दैगर्दा मुख्यमन्त्री गयो, अहिले फेरि मुख्यमन्त्री भएको छु, अबको कार्यकाल एमालेकै नेतृत्वमा गण्डकी सरकार चल्नेछ, मध्यावधिमा जान दिँदैनौं, गइहाले निर्वाचनबाट एकल बहुमत लिएर आउँछौं", मुख्यमन्त्री अधिकारीले भन्नुभयो । उहाँले


बाँकी अन्तिम पृष्ठमा ▶▶


## मुग्लिन-पोखरा सडक विस्तारः पूर्वी खण्डमा ५५ र पश्चिममा १९ प्रतिशत भौतिक प्रगति

पोखरापत्र संवाददाता
तनहुँ, २९ चैत

मुग्लिन-पोखरा सडक बिस्तार आयोजनाअन्तर्गत पूर्वी र पश्चिम गरी दुई खण्डमा निर्माण भइरहेको छ ।

आयोजनाले दिएको जानकारीअनुसार हालसम्म पूर्वी खण्डमा ५५ र पश्चिममा १९ प्रतिशत भौतिक प्रगति भएको छ । पूर्वी खण्डको अन्तिम बिन्दुमा पर्ने तनहुँको म्याद्दे जामुनेदेखि दमौलीतर्फ कालोपत्र गर्दै आइरहेको आयोजना पूर्वी खण्डका प्रमुख श्यामकुमार यादवले जानकारी दिनुभयो ।

उहाँका अनुसार जिल्लाको आँबुखैरेनी, बन्दीपुर, व्यास र म्याद्देमा गरी एकतर्फी कूल २८ किलोमिटर र दुईतर्फी १५ किमी कालोपत्र गरिएको छ । अहिले कालोपत्रलाई प्राथमिकता दिँदै आवश्यक स्थानमा पहाड काट्ने कार्य भइरहेको उहाँले बताउनुभयो । पूर्वी खण्ड ४१ दशमलव सात किमी दूरी रहेको छ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । पूर्वी खण्डका लागि रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा ठेक्का सम्झौता भएको हो । उक्त खण्डको अन्तिम म्याद बिसं २०८१ वैशाखसम्म रहेको छ । कोभिडको समयमा निर्माण स्थगित भएकाले नेपाल सरकारबाट छ महिना म्याद थप गर्ने प्रक्रियामा रहेको सो आयोजनाले जनाएको छ ।

त्यसैगरी पश्चिम खण्डमा दुई लेनको गरी साढे सात किमी सडक कालोपत्र भइसकेको छ । वर्षाअघि कल्भर्ड र नाला निर्माणलाई प्राथमिकता दिइएको पश्चिम खण्डका इञ्जिनियर नारायण पौडेलले जानकारी दिनुभयो । "पूर्वी खण्डको तुलनामा पश्चिम खण्डमा ढिलो काम सुरु गरेका कारण सोचेअनुरुप प्रगति हासिल गर्न नसकेको हो", उहाँले भन्नुभयो, "पछिल्लो समय लक्ष्यअनुरुप निर्माण गर्न थालेपछि प्रगति बढ्न थालेको छ ।"

पहिरा खस्ने सम्भावित क्षेत्रमा वर्षाअघि कालोपत्र नगरिने आयोजनाले जनाएको छ । पहिरो खस्ने स्थानबाट करिब पाँच सय मिटर अघिपछि छाडेर अन्य क्षेत्रमा कालोपत्र भइरहेको छ । पश्चिम खण्डअन्तर्गत जिल्लाको जामुनेदेखि पोखराको सेतीपुलसम्म ३८ दशमलव ८८ किलोमिटर दूरी रहेको छ । उक्त खण्डमा चीनको यनहुई काइयुन हाइवे एन्डब्रिज कम्पनीले ठेक्का पाएको छ ।

यस खण्डका लागि रु सात अर्ब ४० करोड ४६ लाख ८१ हजारमा ठेक्का सम्झौता भएको थियो । विसं २०७८ भदौदेखि काम सुरु भएको यस खण्डको काम २०८१ भदौ १२ मा सम्पन्न गर्नुपर्ने सम्झौता रहेको छ ।

## पूर्व कर्मचारी परिषदको अध्यक्षमा सुवेदी

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत

पूर्व कर्मचारी सेवा परिषद कास्कीको अध्यक्षमा गिरधारी सुवेदी निर्वाचित हुनु भएको छ ।

परिषदको हाले सम्पन्न महाधिवेसनले सुवेदीको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

परिषदको उपाध्यक्षमा सूर्य बराल, सचिवमा राजु अधिकारी, कोषाध्यक्षमा प्रभा मिलन तिमिल्सिना रहनु भएकोछ । पूर्व कर्मचारी सेवा परिषद कास्कीका अध्यक्ष नरहरी बरालको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । नवनिर्वाचित टोलीलाई कार्यकालको सफलताको कामना गर्दै बधाई ज्ञापन गरिएको थियो ।

यस अघि गण्डकी प्रदेशका सचिव तीर्थ भट्टराइले कार्यक्रमको उद्घाटन गर्दै परिषदले पूर्व कर्मचारीहरुको संगम स्थल भएकोले त्यसलाई थप प्रभावकारी र रचनात्मक बनाउन सुझाव दिनुभयो । गण्डकी प्रदेशकै सचिव शम्भु रेग्मीले पूर्व कर्मचारीहरुसँग धेरै अनुभव भएकोले कर्मचारीहरुले उहाँहरुको ज्ञान सिपलाई पुस्ताहस्तान्तरण गर्नुपर्नेमा जोड दिनुभयो ।


### हावाहुरीबाट जोगिने उपायहरू

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड






पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आर्वामा दोस्रो नवदुर्गा कप भलिवल प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत



पोखरा महानगरपालिका वडान १३ आर्वा स्थित नवदुर्गा युवा क्लवको आयोजनामा बिहिवार देखि दोस्रो "नवदुर्गा कप भलिवल प्रतियोगिता २०८० "सुरू भएको छ।

प्रतियोगिता बिहिवार शुक्रवार र शनिवार तीन दिन सञ्चालन हुनेछ। १६ वटा टिमले प्रतिष्पर्धा गर्ने प्रतियोगिताको विजेताले नगद ३५ हजार तथा उपविजेताले २० हजार नगद शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने छन्। तेस्तै प्रतियोगितामा उत्कृष्ट स्पाईकर, वेष्ट बलकर र वेष्ट डिफेन्डरले नगद एक एक हजार एवं मेडल, शिल्ड तथा प्रमाणपत्र पाउनेछन्।

"युवाका लागी खेलकुद, स्वास्थ्यका लागि खेलकुद"भन्ने मुल नाराका साथ शुरू प्रतियोगिताको उद्घाटन गर्दै समाजसेवी दिपक गुरुङ (माईला) ले पोखरा महानगरपालिका भित्रै रहेको आर्वा गाउँमा सुविधा सम्पन्न खेलकुद का कुनैपनि संरचना निर्माण हुन नसक्नु दुर्भाग्य रहेको बताए। उनले आफ्नो निजि खर्चमा खेलकुदको विकाशका लागि सक्दो सहयोग गर्दै जाने आश्वासन दिए।' मैले आर्वामा युवाहरुले आयोजना गर्ने हरेक खेलकुदका प्रतियोगितामा सहयोग पनि गरेको छु भन्दै समाजसेवी गुरुङले आगामी दिनमा पनि सहयोग गर्दै जाने वचन दिए।

रतनपाण्डे मावि आर्वाको खेल मैदानमा सञ्चालित प्रतियोगिताको उद्घाटन सत्रमा विशेष अतिथिको रुपमा बोल्दै वडान १३ का वडा अध्यक्ष किरण बरालले तेस्रो नवदुर्गा कप भलिवल प्रतियोगिताको मुख्य प्रायोजक वडा कार्यालय रहने भन्दै अर्को वर्षको प्रतियोगिता नवदुर्गा युवा क्लवको आफ्नै खेलमैदान मा गराउने प्रतिवद्धता जनाए। उनले वडाका साविक आर्वा विजयमा खेलकुदका स्तरीय तथा सुविधायुक्त खेलमैदान को अभाव रहेको स्वीकार गर्दै, आफ्नो कार्यकाल भित्रै केही स्थानमा खेल मैदान निर्माण गरिछाड्ने दावी गरे। आयोजक नवदुर्गा युवा क्लवका अध्यक्ष मनोज बरालले युवाशक्तीलाई खेलकुद प्रति आकर्षण गराउने, समग्र आर्वाको परिचय सहित आर्वाको प्रशिद्ध महाप्रभुधामलाई प्रमुख धार्मिक तथा पर्यटकीय गन्तब्यका रूपमा परिचित गराउन प्रतियोगिता को आयोजना गरिएको जानकारी दिए। कार्यक्रममा वडा नं १३ का वडा सदस्य द्वय सचित तामाङ , बलबहादुर बराल, खेलकुद संयोजक सन्त बहादुर थापा, स्थानीय सरास्वती अधिक ारी देवकोटा, दोजराज बराल लगायतले खेलकुदका विविध पक्षबारे बोलेका थिए। कार्यक्रममा चर्चित लोकदोहोरी गायक अमर धिताल तथा बाल गायक प्रिन्स लम्सालले विभिन्न लोकदोहोरी गित प्रस्तुत गरेका थिए।

# आलु महोत्सवमा विज्ञ-कृषक अन्तरक्रिया

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत




माटोलाई स्वास्थ्य राखे त्यसबाट बढी उत्पादन लिन सकिने चर्चा गरिएको छ। १२ औं राष्ट्रिय हेमजा आलु महोत्सव अन्तर्गत बिहीवार भएको माटो तथा बाली संरक्षण विषयक अन्तरक्रियाका बीच उक्त कुरामा विज्ञहरुले जोड दिएका हुन्।

कृषि अनुसन्धान निर्देशनालय लुम्लेको आयोजनामा भएको उक्त अन्तरक्रियामा धारणा राख्दै राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्रका प्रमुख, वरिष्ठ वैज्ञानिक डा.श्रीप्रसाद विष्टले माटोलाई जीवित राख्न त्यसमा रासायनिक नभई जैविक मलको उचित प्रयोग गर्नुपर्ने औंल्याए।

साच्चै सफल रुपमा कृषि कर्म गर्ने हो भने माटोलाई बचाउनुको विकल्प हामीसँग छैन, त्यसका लागि प्राङगारिक चिजवस्तुहरु माटोसँगै कुहाउनु पर्दछ, जलाउदाँ माटोको माथिल्लो सतहका जीवाणुहरु पनि मर्दछन्, त्यो भनेको माटो मर्नु सरह भएको उनले स्पष्ट पारे। माटोमा अम्लिय पन बढी भयो भने सिचाईको प्रबन्ध मिलाउनु पर्दछ, समयसमयमा माटोको भौतिक, जैविक एवम् रासायनिक जाँच पनि गर्नुपर्दछ, त्यसका साथै माटोको बनोट तथा त्यसमा रहेको सुक्ष्म खाध्य तत्वबारे पनि बेलाबेलामा ख्याल गर्नुपर्ने भन्दै प्रमुख डा.विष्ट माटोसँग प्रत्येक प्राणीको जीवन जोडिएको स्पष्ट पारे। राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रम रुपन्देहीका संयोजक वरिष्ठ वैज्ञानिक डा. रोशन बस्नेतले गहुँमा सिन्दुरे तथा कालो पोके रोगको समस्या बढी रहेको सुनाउँदै नेपाल कृषि अनुसन्धान परिषद्ले सिफारिस गरेका बिउहरु मात्रै खेती गर्न किसानलाई सुझाव दिए।विभिन्न रोगहरुका कारण हाल उत्पादनमा ह्रास आइरहेको छ, त्यसका लागि कतिपय अवस्थामा बीउको उपचार गरेर पनि छर्नुपर्ने हुन्छ उनले भने। कार्यक्रममा वागवानी अनुसन्धान केन्द्र मालेपाटन प्रमुख वरिष्ठ वैज्ञानिक डा. सुनिल अर्यालले पनि कृषिको महत्वमाथि प्रकाश पारे।उनले फल कुहाउने औशाका कारण अमिलोजन्य कृषि उपजको उत्पादनमा आजकल कमी आइहेको स्पष्ट पार्दै त्यसका लागि उक्त फललाई नै व्यवस्थित ढङगले नष्ट गरे करिव ७० प्रतिशत समस्या समाधान हुने बताए। उनले खेतवारीमा काँचो मलको प्रयोग नगर्न किसानलाई सुझाव दिर्दै माटोमा हुने शत्रुजीव तथा मित्रजीवलाई चिन्नुपर्ने स्पष्ट पारे। त्यस अवसरमा किसानले आलुबालीमा हुने अगौटे तथा पछौटे डडुवा, आलुमा प्वाल पर्ने समस्या, एजेरु रोग, रातो कमिला व्यवस्थापन, फौजी किरा, गोलभेडाँमा गवारो, पराग सेचन लगायतका विषयमा जिज्ञासा राखे। कार्यक्रममा कृषि अनुसन्धान निर्देशनालय लुम्लेका प्रमुख डा.प्रेनिल केसी, वैज्ञानिक रमेश आचार्य, प्राविधिक अधिकृत चन्द्रकान्त तिमिल्सीना लगायतले सहजीकरण गरे। बिहीवारसम्म २५ हजार दर्शक बढीले महोत्सव अवलोकन गरेकोमा १ हजार ४ सय १० घरपरिवारले आलु किनी लगेको कृषि उपज व्यवस्थापन उपसमितिका संयोजक जयराम तिम्सिनाले जानकारी दिए।उनले हालसम्म १४ लाख बढीको आलु कारोवार भएको पनि बताए। महोत्सव अन्तर्गत बिहीवार कलाकारहरु तारापति सुवेदी,प्रेमराज अधिकारी, शिवहरी ढुङगाना, परशुराम अधिकारी, नेत्र खड्का, सुनिता नेपाली, नवराज अधिकारी, दुर्गा क्षत्री, राजेश बर्देवा(पप आधुनिक), हास्य कलाकारद्वय राजेन्द्र नेपाली र युवराज भण्डारी साथमा स्थानीय कलाकारहरुका प्रस्तुति रहे।त्यस्तै शुक्रवार विष्णु खत्री, ज्योति लोहोनी, माधव चापागाई, जीवन सिग्देल, माया केसी, छ्यवाङ लामा, ओम गुरुङ तथा अंकित एण्ड कुशल व्याण्डका प्रस्तुतिहरु रहने जनाइएको छ।

त्यस्तै रत्यौली गीतप्रतियोगिता पनि जारी छ।रत्यौलीतर्फ बिहीवार दहरे देउराली आमा समूह तथा इन्द्रेणी आमा समूहले प्रस्तुति राखे। महोत्सव अन्तर्गत शुक्रवार बाली तथा पशु स्वास्थ्य उपचार शिविर हुनेछ। यही बैशाख ५ गतेसम्म महोत्सव चल्नेछ।

# गलेश्वरमा नौ महिनामा ४२ लाख भेटी सङ्कलन

पोखरापत्र संवाददाता
म्याग्दी, २९ चैत

बेनी नगरपालिका-९ मा रहेको म्याग्दीको प्रमुख धार्मिकस्थल गलेश्वर मन्दिरमा नौ महिनाको अवधिमा रु ४२ लाखभन्दा बढी भेटी सङ्कलन भएको छ।

चालु आर्थिक वर्षको साउनदेखि चैत महिनासम्म मेलापर्वमा रु १९ लाख ७८ हजार आठ सय १८ र मण्डपमा रु २२ लाख ७९ हजार सात सय ९२ भेटी सङ्कलन भएको गलेश्वर शिवालय क्षेत्र विकास कोषले जनाएको छ। कोषका कोषाध्यक्ष कुमारी रोकाले चैत महिनाको बुधबार गणना गरिएको रु चार लाख ५९ हजार एक सय ३५ सहित चालु आवको नौ महिनामा रु ४२ लाख ५८ हजार छ सय १० भेटी सङ्कलन भएको जानकारी दिनुभयो। साउन सोमबारमा रु नौ लाख २७ हजार एक सय ७८, बाला चर्तुदशीमा रु छ लाख २१ हजार नौ सय २२ र शिवरात्रीमा रु चार लाख २९ हजार सात सय १८ भेटी सङ्कलन भएको हो। कोषको आम्दानी भेटी र बैंकको ब्याजसहित रु तीन करोड ७० लाखभन्दा बढी रहेको छ।

मन्दिरको आम्दानी कर्मचारीको तलब, कार्यालय, मन्दिरका पुजारी, ज्येष्ठ नागरिक आश्रमका भान्सेको तलबका साथै संस्कृत विद्यालय सञ्चालनमा परिचालन गरिएको छ।

भेटी, महायज्ञबाट सङ्कलन तथा तीर्थयात्रीले दिएको दानबाट पछिल्लो १२ वर्षको अवधिमा करिब रु ११ करोडको लागतमा विभिन्न भौतिक पूर्वाधार निर्माण भएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो। धर्मशाला, सभाहल, वाटिका, यज्ञशाला, पाठशाला, पुजारी निवास, भोजनालय, कालीगण्डकीसम्म पुग्ने मार्ग, एक सय आठ शिवलिङ्ग, जडभरत, नटराज र लक्ष्मी नारायणको मूर्ति स्थापनालगायत भौतिक संरचना निर्माण भएका हुन्।

कालीगण्डकी नदी किनारको नौ रोपनी क्षेत्रफलमा फैलिएको चट्टानमाथि अवस्थित गलेश्वर शिवालय क्षेत्र हिन्दू तथा वौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्वार मानिन्छ।

हिन्दूधर्म ग्रन्थमा सतीदेवीको गला पतन भएर गलेश्वर नाम रहन गएको उल्लेख गरिएको यस मन्दिरमा साउन महिनाको सोमबार, बालाचतुर्दशी र शिवरात्री पर्वमा विशेष मेला लाग्ने गर्छ। यहाँ दैनिक नित्य पूजाआजा हुने गर्छ। गलेश्वर दर्शन र पूजाआजा गरेमा मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ।

# ढोलाहिटिलाई एबिसी फोर्टी फाइभ प्लस एट ए साईड फुटवलको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत





डिफेन्डिङ च्याम्पियन ढोलाहिटि फ्रीडमले दोश्रो एबिसी फोर्टी फाइभ प्लस एट ए साईड भेट्रान्स फुटवल प्रतियोगिताको उपाधी हात पारेको छ।

हेटौडा भेट्रान्सलाई ४–२ गोल अन्तरले पराजित गर्दै डिफेन्डिङ च्याम्पियन ढोलाहिटिले दोश्रो एबिसी फोर्टी फाइभ प्लस एट ए साईड भेट्रान्स फुटवल प्रतियोगिताको उपाधी हात पारेको हो। उपाधी संगै ढोलाहिटिले नगद १ लाख ५५ हजार ५ सय ५५ शिल्ड, मेडल र प्रमाणपत्र हात पारेको छ। उपबिजेता हेटौडाले नगद ७७ हजार ७ सय ७७ मा चित्त बुझाउनु पऱ्यो। प्रतियोगितामा ढोलाहिटिका प्रकाश राना मगर म्यान अफ दी म्याच हुन सफल रहे। त्यस्तै प्रतियोगितामा ढोलाहिटिकै तेज बहादुर गलामी उत्कृष्ट खेलाडी घोषित भए। उत्कृष्ट खेलाडी गलामीले नगद १० हजार र ट्रफी प्राप्त गरे। फाइनल खेलमा ढोलाहिटीको तर्फबाट प्रकाश राना मगरले २ गोल र सरोज थापा र राजकुमार केसीले १–१ गोल गरेभने हेटौडाका शशी गौतम र सञ्जय राना मगरले १–१ गोल गरेका थिए। प्रतियोगिताका बिजेताहरुलाई गण्डकी प्रदेश सभा सदस्य सरस्वती गुरुङ, अमर सिंह ब्वाइज क्लब एबिसीका अध्यक्ष राजेश गुरुङ लगायतले नगद, शिल्ड, मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरेका थिए। सो अवसरमा वोल्दै गण्डकी प्रदेश सभा सदस्य सरस्वती गुरुङले सरकारी स्तरबाट खेलकुदको बिकासका लागी उल्लेख्य काम हुन नसकेको वताउदै खेलकुदको बिकासका लागि स्थानिय क्लब, संघ संस्था, ब्याक्तित्वहरुको साथ र सहयोग अपरिहार्य रहेको वताइन। अमरसिंह ब्वाइज क्लबका अध्यक्ष राजेश गुरुङले आफुहरुले युवाहरुलाई भन्दापनि पैचालिस बर्ष उमेर कटेकाहरुलाई लक्षित गरी आपसी भाइचारा कायम गरी शारिरीक तन्दुरुस्तीका लागि सहयोग पऱ्याउने उद्देश्यले खेलकुदको कार्यक्रम गर्दै आएको र आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने वताउदै प्रतियोगिता सफल बनाउन सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद ब्यक्त गरे।

# एक-अर्काको ...

अबको निर्वाचनमा एमाले एक्लैले बहुमत ल्याउने भन्दै त्यसतर्फ काम गर्नका लागि नेता तथा कार्यकर्तालाई निर्देशन दिनुभयो। गण्डकी प्रदेश सरकारका संस्थापक मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको नेतृत्वमा निर्माण गरेको पहिलो पञ्चवर्षीय योजनाको केही राम्रा कामलाई दोस्रो पञ्चवर्षीय योजनामा राखेर कार्यान्वयनमा लैजान थालेको उहाँको भनाइ छ। अहिले देशमा सामाजिक र राजनीतिक अराजकता बढेको बताउँदै मुख्यमन्त्री अधिकारीले देशलाई नयाँ गति दिन नयाँ समीकरण निर्माण गरेको बताउनुभयो।

एमालेले आगमी चुनावलाई मिसनका रूपमा लिएको बताउँदै एमालेको पक्षमा जनलहर आइरहेको दाबी गर्नुभयो। उहाँले आगामी निर्वाचनमा एमालेको बहुमत आए पनि विचार मिल्ने राजनीतिक दलसँग सहकार्य भने जारी राख्ने बताउनुभयो।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# सरकार फेरिदा मन्त्रालय थपघट

गण्डकी प्रदेस सरकारले मन्त्रालय संख्या बढाएको छ । सरकार परिवर्तनपछि मन्त्रालय अदल बदल हुने गरेको छ । गण्डकीमा संविधान अनुसार १२ सदस्यीय मन्त्रिपरिषद बनाउन सकिन्छ । प्रदेश सरकार बन्दा ७ सदस्यीय थियो।नेकपा कालमा दुई तिहाई बहुमत हुँदा ७ सदस्यीय मन्त्रिपरिषद पछि काङ्ग्रेस नेतृत्वको गठबनधन हुँदा १२ सदस्यीय भएको थियो।दोश्रो प्रदेश सभा चुनावपछि नेकपा एमाले, माओवादी केन्द्र र राप्रपाको गठबन्धन हुँदा १२ ललाई ७ मा झारिएको थियो । अहिले फेरि ९ वटा मन्त्रालय बनाईएको छ । संख्या थपघट भन्दा कार्यबोझको आधारमा मन्त्रालय बनाउनु पर्ने अध्ययन समितिले सुझाव दिएको थियो।त्यसको आधारमा मन्त्रालय थपघट गरेको हो वा गठबन्धनमा भाग मिलाउन मन्त्रालय बढाइएको हो सरकारले स्पष्ट पार्नु पर्छ ।

सरकारले गर्ने निर्णय पारदर्शी नहुँदा सरकारका बारेमा आलोचना हुनु स्वभाविक हो । मंगलवारको मन्त्रिपरिषद्ले मन्त्रालय ९ वटा बनाइने निर्णय गरेको बिहीवार सार्वजनिक भएको छ । अहिले गण्डकीमा मुख्यमन्त्रीसहित ७ सदस्यीय मन्त्रिपरिषद् छ । मंगलवार बसेको मन्त्रिपरिषद् बैठकले स्वास्थ्य र कानून मन्त्रालय थप्न सिफारिस गरेको हो । यता मन्त्रिपरिषद्को निर्णय सार्वजनिक हुनुअघि नै बुधवार सर्वोच्च अदालतले गण्डकीमा मुख्यमन्त्री अधिकारीलाई सरकारले दीर्घकालीन असर पर्ने कुनै पनि निर्णय नलिन आदेश दिएको छ। मुख्यमन्त्री अधिकारीले सर्वोच्च अदालतले आदेश दिनु अघि नै मन्त्रालय फुटाउने निर्णय लिएका छन् । यस्ता निर्णय सरकार बन्ने वितिक्कै हुने गरेका छन ।

यस्तोमा उनको निर्णय अब के हुन्छ भन्ने अन्योलता छाएको छ । यसअघि तत्कालीन नेपाली कांग्रेसबाट मुख्यमन्त्री बनेका कृष्णचन्द्र नेपाली नेतृत्वको सरकारले गण्डकीमा मन्त्रालय थपेर १२ पुर्‍याएको थियो । मन्त्रालयको संख्या बढी भएपछि आलोचनासमेत भएको थियो । त्यसपछि नेकपा (एमाले) संसदीय दलका नेता खगराज अधिकारी मुख्यमन्त्रीमा निर्वाचित भएर आएपछि आफ्नो नेतृत्वमा मन्त्रालय संख्या घटाउने बताएका थिए । सोहीअनुरुप उनले गण्डकीको मुख्यमन्त्री भइसकेपछि १२ मन्त्रालय घटाएर ७ बनाएका थिए । गण्डकीको मुख्यमन्त्रीमा दोस्रो इनिङ्स सम्हालिरहेका अधिकारीले मन्त्रालयको संख्या थप्ने निर्णय गरेका छन् । मंगलवार बसेको मन्त्रिपरिषद् बैठकले गण्डकीको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय फुटाएर स्वास्थ्य बेग्लै मन्त्रालय बनाउने निर्णय गरेको हो । यस्तै, आन्तरिक मामिला मन्त्रालय फुटाएर कानुन मन्त्रालय थप्ने निर्णय भएको छ ।

बुधवार मात्र सर्वोच्च अदालतले गण्डकीमा मुख्यमन्त्री अधिकारीलाई कामचलाउ सरकारको रुपमा रहँदै दीर्घकालीन असर पर्ने कुनै पनि निर्णय नलिन आदेश दिएको थियो।राजनीक मुद्दालाई अदालतमा लान थालेपछि अन्योल बढाउने र कार्यपालिका र न्यायपालिकाबीच दरार पैदा हुने गरेको छ। राजनीतिक दल अदालत धाउनु भनेको न्यालयले खेल्ने ठाउँ पाउनु हो । नेपालको कानुन दैवले जानुन भन्ने उखान चरितार्थ हुननदिन दलहरुले आफ्ना सिमामा बस्ने र संविधान र कानुन आफ्नो अनुकुल चलाउन छोड्नुपर्छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : मानसिक तनाब |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# ठूलोखोला जलविद्युत् आयोजनाको सुरुङ र 'सर्ज साफ्ट' जोडियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ चैत

म्याग्दीको रघुगङ्गा गाउँपालिका–८ मा निर्माणाधीन २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाको मुख्य सुरुङ र 'सर्ज साफ्ट' जोडिएको छ। संयुक्त ऊर्जा लिमिटेड प्रवर्द्धक रहेको ठूलोखोलाको सुरुमा भन्ने ठाउँमा ४३ दशमलव ३६ मिटर गहिरो सुरुङ बनाएर मुख्य सुरुङसँग जोड्ने कार्य गएराति सम्पन्न भएको हो ।

आयोजनाको सिभिल ठेकेदार साकुरा-पावर त्रिपल एसका आयोजना व्यवस्थापक शिवलाल चालिसेले सर्ज साफ्टको 'ब्रेक थ्रु' भएसँगै सुरुङ खन्ने सबै काम सकिएको बताउनुभयो । "सर्च साफ्टले सुरुङमा पानीको सतह व्यवस्थापन र चापलाई नियन्त्रण गर्न मद्दत गर्छ", उहाँले भन्नुभयो, "आकस्मिक रूपमा विद्युत् गृह बन्द गर्नुपर्दा सुरुङबाट आएको पानीको चापलाई सर्च साफ्टले नियन्त्रण र सतह व्यवस्थापन गर्छ ।" जलविद्युत् आयोजनाका लागि सर्ज साफ्टको ब्रेक थ्रु हुनुलाई एउटा महत्वपूर्ण उपलब्धि मानिएको चालिसेले बताउनुभयो ।

तीन महिनाअघि जोडिएको फेदीखोलाको बाँधबाट छरीको आउटलेट जोड्ने दुई हजार सात सय मिटर मुख्य सुरुङलाई फिनिसिङ गर्ने काम भइरहेको छ । एक सय चार दशमलव १६ मिटर अग्लो भर्टिकल साफ्ट र चार सय ८३ मिटर पेनस्टक टनेल निर्माण सकिएको छ । विद्युत् गृहबाट आउटलेटको उचाइ तीन सय ५५ मिटर छ । आउटलेटबाट विद्युतगृह जोड्ने एक हजार छ सय ४० मिटर पेनस्टक पाइप लाइनमध्ये सात सय मिटर जडान भइसकेको छ। पचासी प्रतिशत भौतिक प्रगति भएको उक्त आयोजनाको आगामी तीन महिनाभित्र पूर्वाधार निर्माणको काम सक्ने लक्ष्य छ । फेदीखोलामा बाँध, पानी थिग्राउने पोखरी र छरीमा विद्युत् गृह निर्माण अन्तिम चरणमा पुगेको छ । विद्युतगृहको छाना छाएपछि जडान गर्ने जेनेरेटर र टर्वाइनलगायत उपकरण राख्ने ठाउँ तयार बनाइएको छ।

आयोजनाका प्रमुख इन्जिनीयर रवीन्द्र हमालले हिमाली क्षेत्रको प्रतिकूल मौसम, भूगोल र प्राकृतिक विपद्का चुनौतीबीच निर्माणलाई तीव्रता दिइएको बताउनुभयो । कुल रू तीन अर्ब ६० करोड लागत अनुमान गरिएको आयोजनाको प्रवर्द्धक कम्पनीको नेतृत्व गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)का अगुवा डा बद्री केसीले गर्नुभएको छ । नेपाल बैंक लिमिटेडको नेतृत्वमा राष्ट्रिय वाणिज्य बैंक, सिद्धार्थ बैंक र सिटिजन्स बैंकले आयोजनामा लगानी गरेका छन् । यस आयोजनामा गत असारमा आएको बाढीले बाँध नजिकै निर्माणाधीन डिसेन्डर (पानी थिग्राउने पोखरी) मा क्षति पुर्‍याएपछि निर्माण अवधि केही समय धकेलिएको थियो ।

आयोजनाबाट उत्पादन हुने विद्युतलाई केन्द्रीय प्रसारण लाइनमा जोड्नका लागि आठ किलोमिटर दुई सय २० केभी क्षमताको प्रसारण लाइन निर्माणाधीन छ । बत्तीसमध्ये १४ वटा टावरको निर्माण सुरु भइसकेको निर्माण कम्पनीले जनाएको छ ।

रघुगङ्गा गाउँपालिका-३ अम्बाङ निर्माण हुन लागेको एक सय ३२ केभी क्षमताको सबस्टेशनबाट केन्द्रीय प्रसारण लाइनमा ठूलोखोलाको विद्युत् जोड्ने तयारी गरिएको छ ।

# मङ्गले राहुघाट जलविद्युत् आयोजनाको सुरुङ पूरा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ चैत

म्याग्दीको रघुगङ्गा गाउँपालिकामा निर्माणाधीन ३७.५ मेगावाट क्षमताको मङ्गले राहुघाट जलविद्युत् आयोजनाको सुरुङ 'ब्रेक थ्रु' भएको छ ।

तुँदी पावर कम्पनी प्रवर्द्धक रहेको आयोजनाको बाँध बनेको रघुगङ्गा गाउँपालिका–८ बन्दीको अडिट १ र खरिबोटस्थित अडिट २ जोड्ने सुरुङको बुधबार साँझ ब्रेक थ्रु भएको हो । आयोजनाका आवासीय इञ्जिनियर प्रकाश तिमिल्सिनाले अडिट १ र २ जोड्ने एक हजार नौ सय मिटर लामो सुरुङ छेडिएको जानकारी दिनुभयो । "अडिट २ र मलाडस्थित अडिट ३ जोड्ने एक हजार आठ सय मिटर लामो सुरुङ यसअघिनै जोडिएको थियो", उहाँले भन्नुभयो, "बाँधदेखि विद्युतगृहमा पानी लैजान पाँच हजार तीन सय २८ मिटर लामो सुरुङ निर्माण भएको छ ।"

सुरुङ छेडिएपछि प्रवर्द्धक, सिभिल ठेकेदार एसियन इन्फ्रास्ट्रक्चरका प्राविधिक र कर्मचारीहरूले खुसियाली मनाएका छन् । तीन वर्षअघि चार ठाउँबाट सुरुङ निर्माण सुरु भएको थियो । बाँध नजिकै पानी थिग्राउने पोखरी निर्माण सकिएको छ । मलाडको 'आउटलेट'देखि चिमखोलाको बगरखोला र राहुघाटको दोभानमा निर्माणाधीन बाँध जोड्ने नौ सय मिटर पाइप लाइन जडान भइहेको छ । तीन सय मिटर 'पेनस्टक' पाइप जोड्न बाँकी छ । आउटलेट र विद्युत्गृहको उचाइ तीन सय ५० मिटर छ । विद्युत्गृह निर्माणलाई अन्तिमरुप दिनुका साथै 'इलेक्ट्रोमेकानिकल' उपकरण जडानको ४० प्रतिशत काम पूरा भएको छ ।

तुँदीले राहुघाटमा एकै साथ दुई वटा जलविद्युत् आयोजना निर्माण गरिरहेको छ । मङ्गले राहुघाटको विद्युतगृह नजिकै बगरखोलाको पानी मिसाएर ४८ दशमलव ५ मेगावाट विद्युत् उत्पादन गर्ने अर्को अपर राहुघाट जलविद्युत् आयोजना निर्माणाधीन छ । करिब रु १४ अर्ब लागतमा विसं २०७७ मा सुरु भएका दुईवटै आयोजनाको ८५ प्रतिशत भौतिक निर्माण पूरा भएको इञ्जिनियर तिमिल्सिनाले बताउनुभयो । बगरदेखि दग्नाम गाउँको फेदीमा निर्माणाधीन विद्युतगृह जोड्ने अपर राहुघाटको चार हजार नौ सय मिटर लामो सुरुङ छ महिनाअघि निर्माण भएको थियो । अपर राहुघाटको विद्युत्गृह ७५ प्रतिशत र बाँध निर्माणको ५० प्रतिशत भौतिक प्रगति भएको छ । मङ्गले राहुघाटको सन् २०२४ को डिसेम्बर र अपर राहुघाटको जुन महिनामा विद्युत् उत्पादन गर्ने तयारी छ । उत्पादित विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोड्न रघुगङ्गा–३ अम्बाङमा बन्न लगेको राहुघाट 'सबस्टेसन'देखि चिमखोलासम्म दुई सय केभी क्षमताको १४ किलोमिटर लामो प्रसारण लाइन बनाउन थालिएको छ । नेपाल विद्युत प्राधिकरणले अम्बाङमा सबस्टेसन निर्माणमा ढिलाइ गरेकाले वैकल्पिक माध्यमबाट विद्युत् राष्ट्रिय प्रसारणमा जोड्ने तयारी छ । राहुघाट नदीको सहायक ठूलोखोलामा संयुक्त ऊर्जा प्रालिले २१ दशमलव ३ मेगावाट क्षमताको ठूलोखोला र ठूलोखोला हाइड्रोपावर लिमिटेडले २२.५ मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना निर्माण गरिरहेका छन् । राहुघाट नदीमै नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रो लिमिटेडले ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माण गरिरहेको छ। राहुघाटको ७५ प्रतिशत पूर्वाधार निर्माण पूरा भएको छ ।

# हुरीले हवाई उडान प्रभावित

**रासस**
काठमाडौँ, २९ चैत

प्रतिकूल मौसमका कारण मुलुकको हवाई उडान प्रभावित भएको छ ।

अपराह्न एक्कासी आएको हावाहुरीका कारण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने आन्तरिक र दुवै उडान प्रभावित भएको विमानस्थलका प्रवक्ता सुवास झाले जानकारी दिनुभयो ।

उहाँका अनुसार आन्तरिक उडानका जहाज 'डाइभर्ट' भएका छन् भने अन्तर्राष्ट्रियतर्फ केही जहाज आकाशमा फन्को लगाउने 'होल्ड' हुनका साथै केही जहाज विभिन्न गन्तव्यमा डाइभर्ट भएका छन् । नेपालगञ्जबाट काठमाडौँ आउँदै गरेको बुद्ध एयरको जहाज भैरहवा फर्किएको थियो भने सिमराबाट काठमाडौँ आइरहेको सोही कम्पनीको जहाज सिमरा नै डाइभर्ट भएको छ । काठमाडौँबाट पोखरा जान लागेको यती एयरलाइन्सको जहाज काठमाडौँ नै फर्किएको छ ।

# सूचीकरणपछि किसानलाई परिचयपत्र वितरण गरिने

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ चैत

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले किसानलाई परिचयपत्र वितरण गर्न शुद्धीकरण अभियान सुरू गरेको छ । गाउँपालिकामा सञ्चालित किसान सूचीकरण कार्यक्रमअन्तर्गत सहजकर्ता छनोट गरी उनीहरुलाई तालिम दिइएको हो ।

किसानलाई कृषि पेसामा प्रोत्साहन गर्ने, अनुदान, सहयोग तथा अन्य सेवासुविधालाई कृषकमैत्री बनाउने उद्देश्यले सञ्चालित कार्यक्रमअन्तर्गत गाउँपालिकाका आठवटै वडाका तीन हजार छ सय घरधुरीमा पुगेर सहजकर्ताले विवरण सङ्कलन गरेपछि वडा कार्यालयले प्रमाणीकरण गरेसँगै परिचयपत्र वितरण गरिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो । "कृषकको पहिचान आवश्यक छ, अब परिचयपत्र पाएका कृषकलाई मात्रै अनुदान वितरण गरिनेछ", उहाँले भन्नुभयो । गाउँपालिकाले बुधबार कृषकको पहिचानका लागि छनोट भएका सहजकर्तालाई तालिम दिएर पालिकाभित्रका सबै घरधुरीमा स्थलगत तथ्याङ्क सङ्कलनका लागि परिचालन गरेको छ । तालिमका अवसरमा गाउँपालिका उपाध्यक्ष दिवाकुमारी पुनले सूचीकरण अभियानले व्यावसायिक कृषकको पहिचान गरी कृषिलाई व्यावसायिक गर्न सघाउने बताउनुभयो । "कृषिकर्ममा लागेकाको वास्तविक तथ्याङ्क आउँदा आगामी दिनमा कार्यक्रम बनाउन सहज हुन्छ, एक जना पनि कृषक नछुट्ने गरी तथ्याङ्क ल्याउने गरी सहजकर्ता परिचालन गरेका छौँ", उहाँले भन्नुभयो ।

कृषकलाई उत्साहित गर्न उन्नत बीउबिजन, सिँचाइ, सिँचाइ, प्रविधि हस्तान्तरण, मलखाद एवं किसान बजार व्यवस्थापन प्रोत्साहनका लागि सघाउने गाउँपालिकाले जनाएको छ । सरकारको मापदण्डमा आठ आना वा सोभन्दा बढी जग्गामा कृषि गर्नेलाई सूचीकरण गरी किसान परिचयपत्र लिनुपर्ने प्रावधान रहेको छ। सहजकर्तालाई गाउँपालिकाको कृषि शाखा प्रमुख कृति आचार्यले सहजीकरण गर्नुभएको थियो । सहजकर्ताको तथ्याङ्कलाई वडा कार्यालयबाट प्रमाणीकरण भएपछि चालु आवमै परिचयपत्र वितरण गर्ने तयारीमा रहेको अन्नपूर्ण गाउँपालिकाले जनाएको छ । किसान भएर पनि परिचयपत्र नपाउँदा पहिचानविहीन बनेका किसानले परिचयपत्रको माग गर्दै आइरहेका छन् ।

# 'पर्यटकीय गन्तव्यको पूर्वजानकारी दिन सूचना बोर्ड'

**पोखरापत्र संवाददाता**
गोरखा, २९ चैत

पर्यटकलाई आफू पुग्ने पर्यटकीय गन्तव्यको पूर्वजानकारी दिन तल्लो मनास्लु पर्यटकीय पदमार्गमा सूचना बोर्ड राख्न सुरु गरिएको छ । धार्चे गाउँपालिकाअन्तर्गत पर्ने तल्लो मनास्लु पदमार्गको विभिन्न स्थानमा सूचना बोर्ड राख्न सुरु गरिएको हो ।

पदमार्गको विभिन्न छ ठाउँमा सूचना बोर्ड राखिएको धार्चे मनास्लु पर्यटन विकास समितिका अध्यक्ष साने गुरुङले जानकारी दिनुभयो । "पदमार्गको विभिन्न छ ठाउँमा सूचना बोर्ड राखिसकिएका छौँ । बाँकी स्थानमा तीव्रताका साथ सूचना बोर्ड राख्ने काम भइरहेको छ", उहाँले भन्नुभयो । पदमार्गमा पर्ने लापुबेँसीस्थित प्रिन्स ह यारी हिल्ड र खानीबेँसी, माछीखोलाको एक/एक स्थानमा, खोर्लाबेँसी र मार्साका दुई/दुई स्थानमा बोर्ड राखिसकिएको अध्यक्ष गुरुङले जानकारी दिनुभयो । पर्यटन बोर्ड गण्डकी प्रदेश र धार्चे गाउँपालिकाको संयुक्त साझेदारीमा पदमार्गमा सूचना बोर्ड राख्न सुरु गरिएको उहाँले बताउनुभयो । पदमार्गमा पुग्ने आन्तरिक तथा बाह्य पर्यटकलाई पर्यटकीय स्थानको उचाइ, गन्तव्य पुग्न लाग्ने समय, एक ठाउँदेखि अर्को ठाउँसम्मको दूरीलगायत जानकारी सूचना बोर्डमा उल्लेख गरिएको अध्यक्ष गुरुङले बताउनुभयो । उहाँका अनुसार समितिले यसपटक तल्लो मनास्लु पदमार्गअन्तर्गत पर्ने विभिन्न २५ स्थानमा सूचना बोर्ड राख्न लागेको छ । केरौजाबेँसी, मार्सा, दोभानखोला, हुल्चुकस्थित कालपोखरी जाने र रुन्चेत जाने स्थान, यारुफाँट, हनिहन्टिङ गर्ने ठाउँ अन्तरबेँसी, सिङ्ला, थमन भिसीगाउँ, यामगाउँ, गुम्दा, भिरकोटलगायतका ठाउँमा सूचना बोर्ड राखिने अध्यक्ष गुरुङले जानकारी दिनुभयो ।

"सूचना बोर्डमा पदमार्गअन्तर्गत पर्ने खोलानाला, ताल, पुलका साथै ती क्षेत्रमा पाइने जङ्गली जनावरका बारेमा पनि जानकारी रहनेछन्", उहाँले भन्नुभयो, "यसले पर्टयकलाई पर्यटकीय गन्तव्यका बारेमा बाटोमा नै पूर्वजानकारी प्राप्त हुने हुँदा पदयात्रा गर्न सजिलो हुनेछ ।" समितिमार्फत यसअघि पनि पदमार्गका विभिन्न पाँच ठाउँमा सूचना बोर्ड राखिएको थियो । मनास्लु पदमार्ग घुम्न आउने पर्यटकका लागि आफू पुग्ने गन्तव्यको पूर्वजानकारी लिन प्रभावकारी भएपछि अन्य ठाउँमा पनि बोर्ड राख्न लागिएको उहाँले बताउनुभयो ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. १६ जुग्यापानी झाक्रिस्थान सडक स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नामः जुग्यापानी झाक्रिस्थान सडक स्तरोन्नति
ठेगानाः पोखरा-१६, छहरेपानी
योजना सम्झौता मितिः २०८०/०९/०६ गते
योजना शुरु हुने मितिः २०८०/०९/०७ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८०/१२/२८ गते
योजनाको कुल लागतः रु. ५, ५५, ५७१/९८
महानगरपालिकाबाटः रु. ५,००,०००/-
जनसहभागिताबाटः रु.५५, ५७१/९८
अध्यक्षः काशीराम आचार्य सम्पर्क नं.: ९८१७१७७३१५
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४

**जुग्यापानी झाक्रिस्थान सडक स्तरोन्नति उपभोक्ता समिति पोखरा-१६, छहरेपानी**

# जीर्ण भवनबाट उपचार सेवा

**पोखरापत्र संवाददाता**
कास्की, २९ चैत

कास्कीको माछापुच्छ्रे गाउँपालिका-९ स्थित ल्वाङ्ग घलेल स्वास्थ्य चौकीको जीर्ण भवनबाट सेवा प्रदान गरिँदै आइएको छ । साविकको ल्वाङ्ग घलेल गाविसमा विसं २०४५ मा स्थापन भएको उक्त स्वास्थ्य चौकी विसं २०७२ को भूकम्पले भत्किँदा जीर्ण बनेको थियो ।

“स्वास्थ्य चौकी आफैँ घाइते छ । बिरामी भएर जाँदा पनि निकै डर हुन्छ”, माछापुच्छ्रे-९ सैतीघट्टकी धनमाया तामाङले दुखेसो सुनाउनुभयो । घर नजिकै रहेको उक्त स्वास्थ्य चौकी जीर्ण भए पनि अहिलेसम्म नयाँ नबनेको उहाँले गुनासो गर्नुभयो ।

“जाँच्न जाँदा पनि कतै भत्किएर पुरिन्छ कि भन्ने चिन्ताले सताउँछ”, तामाङले भन्नुभयो, “धेरै पुरानो घर हो । काठहरू सबै पुरानो भइसकेका छन् ।” सरकारले नयाँ भवन निर्माण गरी सहज र भयरहित स्वास्थ्य दिनुपर्नेमा उहाँले जोड दिनुभयो । विसं २०४५ मा निर्माण भएको उक्त भवनको माटो र ढुङ्गाको गारो चर्किएका छन् । ढुङ्गाले छाएको छानो अड्याउन टेको लगाइएको छ । बिरामी जाँच्ने थलो ल्वाङ्ग घलेल स्वास्थ्य चौकी आफैँ घाइतेजस्तै देखिने गरेको स्थानीय बताउँछन् । विसं २०७२ को भूकम्पपछि भवन पूर्णरुपमा जीर्ण बनेको स्वास्थ्य चौकीका सिनियर अहेब हरिबहादुर मल्लले बताउनुभयो ।

“भूकम्पको समयमा भित्ता केही चर्किएको थियो । त्यसपछि छानो अड्याउने काठ नै भाँचियो । अनि हामीले नै टेको लगाएर अड्याएका हौँ”, उहाँले भन्नुभयो, “विविध कारणले अहिलेसम्म नयाँ भवन बनेको छैन, टेकोकै भरमा धानिएको छ ।” जीर्ण भवनबाट त्रासैत्रासमा सेवा दिनुपरेको अहेब मल्लले बताउनुभयो । “मनमा एकदमै डर भइरहन्छ । बिरामीलाई असर पर्छ कि भन्दै जाँच्नुपर्छ”, उहाँले भन्नुभयो, “हामी पनि यहाँ बसिरहँदा भत्केर दुर्घटना हुन्छ कि भनेर त्रास रहिरहन्छ ।” भवन जीर्ण हुँदा टेको भत्किने मात्र नभए पानी चुहिने अनि भलपानी भवनभित्र पस्ने समस्या रहेको उहाँले जानकारी दिनुभयो ।

भवनको अवस्थाले गर्दा सेवाग्राहीसमेत घटेको स्वास्थ्य चौकीका हेल्थ असिस्टेन्ट सक्रिज लामिछानेले बताउनुभयो । उहाँका अनुसार हाल दैनिक १०-१२ जना बिरामीमात्रै जाँचका लागि आउँछन् । यसअघि दैनिक ३५ जनाको हाराहारीमा बिरामीलाई सेवा दिँदै आइएको उहाँको भनाइ छ ।

भवनको तीनवटा कोठामध्ये बीच कोठाको धुरी अड्याउने काठ भाँचिए पनि अन्य दुई कोठा सामान्य रहेको हेल्थ असिस्टेन्ट लामिछानेले बताउनुभयो । “भवन बनेको लामो समय भइसकेको छ । बीच कोठाको छानो झर्नै लागेको छ । हावाहुरी लाग्दा अन्तै गएर बस्नुपर्छ”, उहाँले भन्नुभयो, “हामीले नयाँ भवन बनाउनका लागि वडाध्यक्षलाई भनिरहेका छौँ । अध्यक्षज्यूले पनि सकेको पहल गरिरहनुभएको छ ।”

यो स्वास्थ्य चौकी माछापुच्छ्रे मोडल पदमार्गअन्तर्गत पर्दछ । पदयात्रामा निस्कने विदेशी तथा आन्तरिक पर्यटकले स्वास्थ्य चौकीबाट लाभ लिने हुनाले पनि यसको टेको हटाएर भवनको पुनः निर्माण गर्नुपर्ने आवश्यकता रहेको हेल्थ असिस्टेन्ट लामिछानेले बताउनुभयो । उहाँका अनुसार अहिले चौकीमा एक हेल्थ असिस्टेन्ट, एक सिनियर अनमी, एक सिनियर अहेब र एक कार्यालय सहयोगी गरी चारजना कर्मचारी छन् । “हामीसँग पाँचजना प्राविधिक कर्मचारी हुनैपर्ने हो । अहिले एकजना कार्यालय सहयोगीसहित चारजना छौँ”, हेल्थ असिस्टेन्ट लामिछानेले भन्नुभयो, “एकजना नर्स र एकजना पारामेडिक्सको कमी छ । हामीले जीर्ण भवन र कम कर्मचारीका बीच पनि स्थानीयलाई राम्रो स्वास्थ्य सेवा दिने प्रयत्न गरिहेका छौँ ।”

नयाँ स्वास्थ्य चौकी भवन निर्माणका लागि स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको माछापुच्छ्रे-९ का वडाध्यक्ष हरिबहादुर क्षेत्रीले बताउनुभयो । “वडाध्यक्षका साथै म सामाजिक विकास समितिको पनि संयोजक हुँ । मेरो वडामा सञ्चालित स्वास्थ्य संस्थाको यो अवस्था हुँदा आफैँ लज्जित छु”, उहाँले भन्नुभयो, “यसका लागि कार्यपालिकाले निर्णय गरेर सङ्घीय सरकारसँग विशेष योजना माग गरिएको छ ।” सङ्घीय सरकारबाट आँउदो आर्थिक वर्षमा विशेष योजनामार्फत भवनको योजना नपरेमा गाउँपालिकाबाट बनाउने वडाध्यक्ष क्षेत्रीले बताउनुभयो । “यो वर्ष सङ्घीय सरकारबाट नै स्थानीय तहलाई दिने विशेष अनुदानको योजनामा स्वास्थ्य चौकी पर्छ भन्नेमा हामी ढुक्क छौँ”, उहाँले भन्नुभयो, “नपरेको खण्डमा गाउँपालिकाबाट अन्य वडाको बजेटको सिलिङ घटाएर भए पनि काम गर्नेछौँ ।” माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मीनबहादुर गुरुङले स्वास्थ्य चौकीलाई चालु आर्थिक वर्षमा रू तीन लाख छुट्याइएको बताउनुभयो । उक्त रकमले सबै काम सम्पन्न नहुने भएपछि रकमान्तर गरिएको उहाँको भनाइ छ ।

“चालु आवमा रू तीन लाख छुट्याएका थियौँ ।

त्यसले केही नहुने भएपछि सङ्घीय विशेष अनुदानमा माग गरेर पठाएका छौँ”, अध्यक्ष गुरुङले भन्नुभयो, “विनियोजित रकम स्वास्थ्य चौकी जाने बाटो निर्माणमा खर्च भयो । भवन निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरेर सङ्घ सरकारलाई बुझाएका छौँ ।” आगामी आवमा सङ्घीय सरकारमार्फत स्थानीय तहलाई छुट्याइएको रकम स्वास्थ्य चौकी निर्माणमा परिचालन गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो ।

# घान्द्रुक महोत्सवः विदान स्पोर्टस् हाउस र अन्नपूर्ण क्लब उपाधिका लागि भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत



घान्द्रुक पर्यटन व्यवस्थापन समितिको आयोजनमा अन्नपूर्ण गाउँपालिका-१०/११ घान्द्रुकमा जारी पर्यटन महोत्सवमा भलिबलतर्फ विदान स्पोर्टस् हाउस वालिङ र अन्नपूर्ण युवा क्लब उपाधिका लागि भिड्ने भएका छन् । बिहीबार भएको पहिलो सेमिफाइनल खेलमा ताङ्वे यवा क्लबलाई २५-२३, २५-२१ र २५-१७ को सोझो सेटमा पराजित गर्दै वालिङ फाइनलमा प्रवेश गरेको भलिबल प्रतियोगिता संयोजक अनिल गुरुङले जानकारी दिए ।

उनका अनुसार दोस्रो सेमिफाइनल खेलमा अन्नपूर्ण युवा क्लब किम्चेले देउराली युवा क्लब भुक देउरालीलाई २६-२८, २३-२५, २५-११, २५-१७ र १५-१२ को सेटमा पराजित गर्दै फाइनलमा वालिङसँगको भेट पक्का गर्यो । अब उपाधिका लागि शुक्रबार दिउँसो प्रतिस्पर्धा हुनेछ । कुल ६ टिमको सहभागिता (लिगकम नकआउट) रहेको भलिबल प्रतियोगिताको विजेताले १ लाख ११ हजार १ सय ११, उपविजेताले ७० हजार रुपैयाँसहित शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै विधागत उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर, सेटर, सर्भर, प्रशिक्षक, उदीयमान खेलाडीलाई पुरस्कृत गरिनेछ । खुला बास्केटबलतर्फ भने सेमिफाइनलको समिकरण पूरा भएको अन्नपूर्ण बास्केटबल समितिका अध्यक्ष कृपाश्वर गुरुङले जानकारी दिए । उनका अनुसार आज भएको पहिलो क्वाटरफाइनल खेलमा टाइम्स क्लबले दाङलाई ५९-१९ ले पराजित गर्यो । यस्तै दोसो क्वाटरफाइनल खेलमा आर्मी क्लबले घान्द्रुक टिम 'ए'लाई ५९-३८ ले हरायो । तेसो क्वाटरफाइनल खेलमा मर्दीखोला क्लबले घान्द्रुक टिम 'बि'माथि ४६-४१ ले जीत निकाल्यो भने अन्तिम क्वाटरफाइनल खेलमा सेञ्चुरी युवा क्लबले पुन युनाइटेड नदीपुरलाई ६६-५० ले पराजित गर्दै सेञ्चुरी क्लब सेमिफाइनलमा प्रवेश गर्यो । अब शुक्रबार पहिलो सेमिफाइनल खेल बिहान ७ बजे विभागीय क्लब आर्मी क्लब र मर्दीखोलका बास्केटबल क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

यस्तै अर्को सेमिफाइनल खेल टाइम्स क्लब कामाण्डौं र सेञ्चुरी युवा क्लब छोम्रोङबीच प्रतिस्पर्धा हुनेछ । त्यसपछि ह्विलचियर बास्केटबलको प्रदर्शन गरिने गुरुङले जानकारी दिए । कुल १२ टिमको सहभागिता रहेको खुला बास्केटबलतर्फको विजेताले १ लाख र उपविजेताले ६० हजार रुपैयाँ पुरस्कारसहित शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ ।

घान्द्रुक पर्यटन महोत्सवमा आयोजित चक्रिय पदमार्थ दौड प्रतियोगिताको उपाधि सनम गुरुङले जितेका छन् । पदमार्गको प्रचारप्रसार गर्ने उद्देश्यसहित आयोजित दौड प्रतियोगिताको निर्धारित ५.५ किमी दुरी ३२ मिनेट ४६ सेकेन्डमा पार गर्दै सनमले उपाधि जितेका हुन् ।

यस्तै स्थानीय उमेश नेपालीले ३३ मिनेट ३ सेकेन्डमा निर्धारित दुरी पार गर्दै द्वित्तिय बने भने घान्द्रुककै कृष्ण परियारले ३३ मिनेट २० सेकेन्डमा दुरी पार गर्दै तृतीय बनेको महोत्सवका आयोजक संस्थाका अध्यक्ष विक्रम गुरुङले जानकारी दिए । उनका अनुसार प्रथम द्वित्तिय र तृतीउ बनेका धावकहरुले क्रमश मेडल तथा प्रमाणपत्रसहित नगद रु १५ हजार, १० हजार र ५ हजार पुरस्कार प्राप्त गरे ।

कुल ३६ धावकको सहभागिता रहेको दौडमा १२ वर्षकी बालिकादेखि ५८ वर्षको वृद्धालेसमेत प्रतियोगितामा भाग लिगेका थिए । उक्त दौड मेश्रेम बराह माविबाट सुरु भएर चक्रिय पदमार्ग वडा नं. १० को कार्यालय हुँदै पञ्चे, कोटगाउँ, देउराली, बलाथे पार्क, नब्रुथी बराह मन्दीर, कायमा बराह, सात सय घान्द्रुकेले मान्दै आएको ब्रेजे मेश्रे बराह नेगु, चिया बगान, डाडागाउँ, कुमाभ्री, सिल्कु, खोलोभ्रो हुँदै विद्यालयमा आएर टुंगिएको थियो । शुक्रबार क्लबस्तरीय पुरुष भलिबल, खुला बास्केटबल प्रतियोगिता, घोडा दौड प्रतियोगिता ठेलो प्रतियोगिताको फाइनल गरिने महोत्सवका संयोजक अमृत लामा गुरुङले जानकारी दिए । उनका अनुसार हरेक दिन बेलकी राष्ट्रिय ख्याती प्राप्त कलाकार हरुले सांगीतिक प्रस्तुती दिदैं आएका छन् । महोत्सवको समापन समारोहका प्रमुख अतिथिका रुपमा गण्डकी प्रदेश सभाका सदस्य प्रकाश बराल रहनेछन् भने बेलुकी चर्चित लोक तथा दोहोरी गायक राजु परियारको बेजोड प्रस्तुती रहने आयोजकले जनाएको छ ।

# चैतेदसैँमा कालिका मन्दिरमा धार्मिक पर्यटकको घुइँचो

**पोखरापत्र संवाददाता**
बागलुङ, २९ चैत

चैतेदसैँ सुरु भएसँगै कालिका मन्दिरमा भक्तजनको घुइँचो बढ्न थालेको छ । चैतेदसैंमा कालिका मन्दिर दर्शन गर्न आउने धार्मिक पर्यटकको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको हो ।

मङ्गलबारदेखि नवरात्र सुरु भएको छ । चैतेदैसैंसमेत भनिने यस पर्वमा दुर्गा भवानीको पूजाउपासना गरिन्छ । चैतेदसैंमा बागलुङ कालिका मन्दिरमा भने विशेषपूजाआराधना हुने भएकाले टाढाटाढाबाट भक्तजनहरु आउने गर्दछन् । चैतको नवरात्रमा पनि बागलुङ कालिकाको पूजाआराधना र बलि दिइँदा आँटेको पुग्ने जनविश्वास रहेको छ । गण्डकी प्रदेशको मुख्य शक्तिपीठका रुपमा रहेको यहाँस्थित कालिका मन्दिरमा चैतेदसैँ सुरु भएपछि भक्तजनको घुइँचो लाग्न थालेको कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले बताउनुभयो ।

“आज चैतेदसैंको तेस्रो दिन हो । बिहानै एक हजार दुई सय जना मन्दिर परिसरमा भक्तजन हुनुहुन्थ्यो । चैतेदसैंमा यस मन्दिरको सबैभन्दा बढी धार्मिक पर्यटक आउने गर्दछन्, त्यसपछि वडादसैंमा बढी घुइँचो हुन्छ”, खड्काले भन्नुभयो, “यहाँ यही चैत ३० गतेदेखि ऐतिहासिक चैतेदसैँ मेलासमेत आयोजना गरिएको छ । भक्तजनको चापलाई मध्यनजर गरेर सवारी पार्किङ, सुरक्षालगायतको व्यवस्था मिलाइएको छ ।” उहाँका अनुसार मन्दिरलाई सजाइएको छ भने सत्तल, मठ र अन्य स-साना मन्दिरसमेत चिटिक्क पारिएको छ । मेला हेर्न र मन्दिरको दर्शन गर्न आउने गरी करिब पाँच लाख धार्मिक पर्यटक बागलुङ भित्र्याउने गुठीको लक्ष्य रहेको उहाँले जानकारी दिनुभयो । चैतेदसैंका समयमा बागलुङ कालिका मन्दिरमा पूजाआजा गर्नका लागि नेपालसँगै छिमेकी मुलुक भारतबाटसमेत धार्मिक पर्यटक आउने गर्दछन् । मन्दिरमा चैतेदसैँ र वडादसैँमा विशेष पूजाआजा हुने भएकाले यही समयमा धेरै भक्तजनको घुइँचो लाग्ने गरेको छ । उक्त मन्दिरमा बोका, राँगो, कुखुरालगायतको बलि चढाइनाका साथै शान्तिको प्रतीक परेवा उडाउने गरिन्छ ।

चैतेदसैँका अवसरमा लाग्ने तीन सय वर्ष पुरानो मेला नजिकिएसँगै आयोजकले मेलाको तयारी अन्तिम चरणमा पुर्याएको छ । चैत ३० गतेदेखि आगामी वैशाख ६ गतेसम्म सञ्चालन हुने उक्त मेलामा नयाँ वर्षको कार्यक्रमलाई समेत समेटिएको छ । मन्दिर परिसरमा लाग्दै आएको मेलाको तयारीलाई अन्तिम चरणमा पुर्याइएको गुठी व्यवस्थापन समितिले जनाएको छ । 'गन्तव्य बागलुङ कालिका : कला र संस्कृतिको प्रवर्द्धन-स्थानीय उत्पादन, व्यापार र पर्यटन प्रवर्द्धन' भन्ने मूल नाराका साथ यस वर्षको चैतेदसैँ मेला आयोजना गरिएको हो । मेलाको मुख्य आकर्षणका रुपमा यसपटक खुला राष्ट्रिय लोकदोहरी प्रतियोगिता, खुला राष्ट्रिय भलिबल प्रतियोगिता रहेका समितिका अध्यक्ष खड्काले जानकारी दिनुभयो । मेलामा स्थानीय कलासंस्कृति झल्कने झाँकीसमेत प्रदर्शनको व्यवस्था मिलाइएको बताउँदै उहाँले स्थानीय सामग्री डोको, नाङ्लो ठेका, डालालगायतको व्यापारलाई निःशुल्क स्टल उपलब्ध गराइएको जानकारी दिनुभयो ।

“मेलाको इतिहासमै सबैभन्दा बढी लोकदोहरी प्रतियोगिताको समूह दर्ता भइसकेको छ । ३४ समूह प्रतिस्पर्धामा आउने भनेको हाम्रा लागि ठूलो गौरवको कुरा हो, दोहोरीको पुरस्कार राशि रू दुई लाख राखेका छौँ”, खड्काले भन्नुभयो, “खुला राष्ट्रिय भलिबलमा विभागीय टिमसहित १२ समूह प्रतिस्पर्धाका लागि दर्ता भइसकेका छन् । नयाँ वर्ष २०८१ साललाई स्वागत गर्नका लागि अघिल्लो रात १२ बजेसम्म सांस्कृतिक कार्यक्रम गरिनेछ ।” लोकदोहोरी प्रतियोगितामा प्रथम हुनेलाई रू दुई लाख, र द्वितीयलाई रू एक लाख, तृतीय हुनेलाई रू ५० हजार र उत्कृष्ट स्वर हुने महिला र पुरूष तथा उत्कृष्ट वेषभूषा महिला र पुरूषलाई रू पाँच/पाँच हजारका दरले पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

ऐतिहासिक चैतेदसैंको दोस्रो आकर्षणका रुपमा कालिका कप खुला भलिबल प्रतियोगिता आयोजना गरिएको छ । गुठी व्यवस्थापन समितिको आयोजनामा रू तीन लाख पुरस्कार राशिको उक्त प्रतियोगिताको आयोजना गरिएको छ । प्रतियोगितामा द्वितीय हुनेले रू एक लाख ५० हजार र तृतीय हुनेले रू एक लाख पाउने छन् । सर्वोत्कृष्ट र अनुशासित खेलाडीलाई रू पाँच/पाँच हजार पुरस्कार प्रदान गरिने खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार खेलाडीलाई आवास र भत्ताकोसमेत व्यवस्था गरिएको छ । सात दिनसम्म सञ्चालन हुने मेलामा पाँच लाख धार्मिक पर्यटक भित्रिने र रू एक करोडभन्दा बढीको आर्थिक कारोबार हुने लक्ष्य लिइएको छ । साथै मावि (कक्षा १० सम्म) स्तरीय सामूहिक नृत्य, छेलोलगायतका प्रतियोगिताको आयोजना गरिएको आयोजकले जनाएको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि. स. २००५/१०/२४ गते

स्वः गंगादेवी घिमिरे

स्वर्गारोहणः
वि.स. २०८०/१२/१८ गते

हाम्रा ममतामयी आमा/हजुरआमा **गंगादेवी घिमिरे**को ७५ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**छोरा/बुहारीः**
**दिनेश घिमिरे/ लक्ष्मी घिमिरे**
**प्रदिप घिमिरे/ उमा घिमिरे**

**छोरी/ज्वाइँः**
**सुनिता घिमिरे/ रविन्द्र पौडेल**

**नातिनी/नातिनी ज्वाइँः**
**अपाला/ सुरेश खनाल**

**नाति/ नातिनीः**
**अनुशूया, अदिती, अम्बालिका, अनिरूद्र, प्रशंसा, प्रणयकृष्ण, अनुराधा, सम्पदा, सम्पन्न**

**तथा**
**समस्त घिमिरे परिवार**

**पूनश्चः मिति २०८० चैत ३० गते शुक्रबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं ।**